आगो न लाग्ने(FRLS) fireless तार
अधिकृत विक्रेता
नाज इलेक्ट्रिक हाउस
राजविराज-४,नेता चौक
सम्पर्क:-9819750005, 9816762984
RATHI GOLD
FRLS-H Multistrand Cables
Fire Resistance Low Smoke Wires
WIRES... which don't catch fire
Double Coated Power Multistrand Flexible Wiring Cable
विराटनगर ( नेपाल )
फोन नं. : 021-442366

सत्य, निष्पक्ष एवं स्वस्थ समाज निर्माणका लागि...
जि.प्र.का.द.नं. २०७९/०७२/०७३

# मधेश न्यूज

राष्ट्रिय दैनिक
Madhesh NEWS Estd. 2016

महिला अधिकारलाई नारामा मात्र होइन, व्यवहारमा परिणत गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष ०८ | अंक २९१ | २०८१ असार १७ गते सोमवार | 01 July 2024 | जि.हुलाक का. दर्ता नं ०८ | मुल्य रू. ५/-

## संसदलाई देश र जनतामा केन्द्रित गर्नुपर्छ : सभामुख



काठमाडौं, १६ असार ।
प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले संसदीय प्रक्रियामा भएका कमीकमजोरीलाई सुधार गर्दै संसदलाई मुलुक र जनतामा केन्द्रित गर्नु आजको आवश्यकता भएको बताएका छन् ।

संसद् दिवसका अवसरमा आज जारी शुभकामना सन्देशमा उनले कानुन निर्माण प्रक्रियामा सुधार तथा जनप्रतिनिधिको क्रियाशीलताले संसद र संसदीय प्रक्रियामा देखिएका कमजोरीलाई सुधार गर्न सकिने उल्लेख गरेका छन् । संसद अविच्छिन्न र जनप्रतिनिधिको जीवन्त अभ्यास गर्ने थलोका रूपमा रहेको उल्लेख गर्दै सभामुख घिमिरेले संविधानले निर्दिष्ट गरेका सिद्धान्त र मान्यताको आधारमा देशको संसदीय व्यवस्थालाई बलियो बनाउने

बाँकी अन्तिम पृष्ठमा...

## माओवादी र नेकपा एसलाई एउटै पार्टी बनाउने प्रयासमा छौं : प्रधानमन्त्री दाहाल



काठमाडौं, १६ असार ।
प्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले नेकपा एकीकृत समाजवादीसँग पार्टी एकताको प्रयास भइरहेको बताएका छन् । उनले एउटै मोर्चामा बसेर अहिले पनि काम गरिरहेकाले पार्टीको महाधिवेशनबाट एकताको ठोस प्रस्ताव पारित गर्न आग्रह गरेका छन् ।
'एकीकृत समाजवादी र माओवादीबीच एउटै मोर्चामा बसेर सकेसम्म एउटै पार्टी बनाउने प्रयास गरेका छौं,' प्रधानमन्त्री दाहालले भने, 'यस महाधिवशेनमा ठोस निर्णय गरोस् । जनताका आवश्यकतालाई सम्बोधन गरियोस् । कम्युनिस्ट आन्दोलनको एकताको पक्षमा निर्णय गर्नुहुन्छ भन्नेमा

बाँकी अन्तिम पृष्ठमा...

## लोकतन्त्र खतरामा परे नेताहरुले चिन्ता लिन पर्दैन, पहिला काम गर्नुस: गृहमन्त्री लामिछाने

काठमाडौं, १६ असार ।
उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेले लोकतन्त्र खतरामा परे जनताले नै जोगाउने भन्दै नेताहरुले चिन्ता लिन आवश्यक नरहेको बताएका छन् ।
आइतबार नेकपा एसको महाधिवेशन उदघाटन सत्रलाई सम्बोधन गर्दै गृहमन्त्री लामिछानेले लोकतन्त्रलाई खतरा जनताबाट नभइ नेताहरुबाट नै भएको भन्दै नेताहरुले चिन्ता गर्न आवश्यक

बाँकी अन्तिम पृष्ठमा...

## संशोधनको प्रस्ताव कार्यसूचीमा नराखेपछि कांग्रेसको आपत्ती, भन्यो - गम्भीर त्रुटि भयो, बैठक स्थगित गरौं

काठमाडौं, १६ असार ।
प्रमुख प्रतिपक्षी दल नेपाली आर्थिक विधेयकमाथि काग्रेसले आफ्ना सांसदहरूले दर्ता गराएको संशोधनको प्रस्ताव दैनिक कार्यसूचीमा नराखेको भन्दै आपत्ती जनाएको छ। आइतबार प्रतिनिधिसभा बैठकको आकस्मिक समयमा बोल्दै प्रमुख सचेतक रमेश लेखकले संसदीय सचिवालयले गम्भीर प्रकृतिको लापरवाही गरेको भन्दै यसलाई सच्याउन माग गरे।
नेता लेखकले आफ्ना पार्टीका चारजना सांसदहरूले आर्थिक विधेयकमाथि संशोधनको प्रस्ताव दर्ता गराएको तर सचिवालयले कार्यसूचीमा नराखेको भन्दै आगामी दिनमा त्रुटि नगर्न आग्रह समेत गरे। उनले बैठक स्थगित गरेर संशोधन छ कि छैन यसबारे एकिन गर्न मात्रै बैठक सञ्चालन गर्न सभामुख देवराज घिमिरेलाई चुनौति दिए।
'संसदीय सचिवालयले गम्भीर प्रकृतिका लापरवाही गर्दै आएको छ। हाम्रो पार्टीका तर्फबाट प्रस्तुत आर्थिक विधेयकमा माननीय डा.आरजु राणा देउवा,दिलेन्द्रप्रसाद बडू,प्रकाश शरण महत र श्यामकुमार घिमिरेज्यूले

बाँकी अन्तिम पृष्ठमा...

## हरेक ठाउँमा भ्रष्टाचार व्याप्त छ, बिना पैसा काम हुन्न: माधव नेपाल

काठमाडौं, १६ असार ।
नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले हरेक ठाउँमा भ्रष्टाचार व्याप्त रहेको बताएका छन्।
आइतबार पार्टीको राष्ट्रिय महाधिवेशनलाई सम्बोधन गर्दै उनले बिना पैसा कुनै पनि सरकारी सेवाहरु प्राप्त गर्ने परिस्थिति नरहेको बताए। उनले भ्रष्टाचार र बेथितिको अन्त्य कसरी गर्ने भन्नेबारेमा काम गर्न आवश्यक रहेको बताए।
उनले आफ्नो स्वार्थको निम्ति सरकारी ढुकुटी खर्च गर्ने परम्परा हटाउन आवश्यक रहेकोमा जोड दिए। उनले उत्पादनको विकास गर्नका लागि रोजगारी प्रवर्द्धन गर्न आवश्यक रहेको बताए।
उनले विज्ञान, प्रविधि, अध्ययन र अनुसन्धानका पक्षमा सबैले गम्भीर भएर सोच्न जरुरी रहेको बताए।
उनले त्यसका लागि नेपालका कम्युनिष्ट पार्टीहरुमा एकता र सहमति आवश्यक रहेको उल्लेख गरे।
उनले भने, 'अहिले प्रत्येक ठाउँमा भ्रष्टाचार छ। बिना पैसाको कुनै काम हुँदैन। सेटिङहरु मिलाइएको छ। त्यसैले यो बेथितिको अन्त्य गर्ने

बाँकी अन्तिम पृष्ठमा...

हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापाता लगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेमा नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

भर्ना खुल्यो । (गुणस्तरिय शिक्षा हाम्रो प्रतिबद्धता) भर्ना खुल्यो ।
मो. नं. ९८४२८३२५९८, ९८४२८५२२१८, ९८१९९७५६३३ फोन नं. ०३१-४४०२९३
रोयल मा.वि.
नर्सरी देखि कक्षा १२ सम्म
कक्षा ११ र १२ Commerce, Education & Arts
हनुमाननगर कंकालिनी न.पा.-३ पोर्ताहा (भारदह), सप्तरी
नर्सरी देखि कक्षा १० सम्म होस्टेलको समेत व्यवस्था छ ।

प्रकाशक:
मधेश न्यूज प्रा.लि.
प्रधान-सम्पादक:
रामनाथ महतो
मो. ९८४२८३२६७३
व्यवस्थापक:
उमेश कुमार मो. ९८२३५३१३१४
कानूनी सल्लाहकार:
देव नारायण यादव
कम्प्यूटर:
लिलाकान्त यादव मो. ९८१६७६७९८८
कार्यालय:
राजविराज नपा -२
फोन नं. :
०३१-५२०१६१
मुद्रक: न्यू देवचुली अफसेट प्रेस, राजविराज
e-mail: madheshnews2016@gmail.com

छिन्नमस्ता गाउँपालिका
Chhinnamasta Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
छिन्नमस्ता, सप्तरी
Chhinnamasta, Saptari
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

Contact No.:-9852821567
Website:-www.chhinnamastamun.gov.np
Email Address:-chhinnamasta.rmo.saptari@gmail.com

## ट्र्याक्टर खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१/०३/१७

यस कार्यालयद्वारा मिति २०८१/०२/३१ गतेको नेपाल समाचारपत्रमा प्रकाशित सूचना अनुसार ट्र्याक्टर खरिद कार्यको लागि पर्न आएको सिलबन्दी दरभाउपत्रहरु मध्य तपशिल बमोजिमका सारभुतरुपमा प्रभावग्राय न्युनतम मुल्याङ्कित वोलपत्रहरु स्वीकृतिको लागि मुल्याङ्कन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनको लागि यो सुचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै सिलबन्दी बोलपत्रदाताहरुलाई समेत यसै सुचना बाट जानकारी गराईन्छ ।

तपशिल

| क स | ठेक्का नं | सवारी साधनको नाम | सिलबन्दी दरभाउपत्रदाताको नाम र ठेगाना | दररेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | १/२०८०/०८१ | Tractor with hydraulic Trolley | श्री जे.जे. ट्रडलिङक प्रा.लि. लझिमनिया गा.पा.-७ | सबै भन्दा घटी | |

२०८१/०३/१६
उज्जवल आनन्द
प्रमुख प्रशासकीय अधिकृत

# इन्स्टाग्रामका धेरै पोस्ट एकैपटक कसरी डिलिट गर्ने ?

आजको डिजिटल युगमा आफ्नो सोसल मिडिया उपस्थितिलाई व्यवस्थित गर्ने कुरा निकै महत्वपूर्ण हुन्छ । इन्स्टाग्रामजस्ता प्लाटफर्ममा त यो झन आवश्यक हुन्छ।

फिचर तथा अपडेटहरूको निरन्तरको विकाससँगै सोसल मिडिया प्लाटफर्ममा आफ्ना सामग्रीहरूको व्यवस्थापन कहिलेकाही निकै मुस्किल लाग्दछ । तर, लोकप्रिय सोसल मिडिया साइट इन्स्टाग्रामले भने एकैपटकमा धेरैवटा पोस्टहरू डिलिट गर्ने वा आर्काइभ गर्न सकिने सुविधा दिएर उक्त जटिलतालाई सजिलो बनाइदिएको छ ।

सोसल मिडियाका सामग्री व्यवस्थापन प्रक्रियालाई सहज बनाउन चाहनेका लागि इन्स्टाग्राम पोस्टलाई थोकमा डिलिट वा आर्काइभ गर्ने फिचर निकै उपयोगी हुन्छ ।

कन्टेन्ट क्रियटर्स होस् वा आम साधारण प्रयोगकर्ता नै किन नहोस् यो फिचरले आफ्नो प्रोफाइललाई व्यवस्थित बनाउन, असान्दर्भिक सामग्रीलाई हटाउन तथा फिडलाई प्रभावकारी रुपमा मिलाउनका लागि यो फिचरले सहयोग गर्दछ ।

धेरैवटा इन्स्टाग्राम पोस्टलाई एकैपटक डिलिट वा आर्काइभ यसरी गर्नुहोस् :

आफ्नो मोबाइलमा इन्स्टाग्राम एप खोल्नुहोस्

स्क्रिनको पिँधमा दायाँ छेउमा रहेको आइकनमा ट्याप गरी प्रोफाइलमा जानुहोस्

मेन्यूमा जानका लागि माथि दायाँ रहेको तीन लाइनवाला आइकनमा ट्याप गर्नुहोस्

मेन्यू अप्सनबाट Your activity छान्नुहोस्

त्यहाँ रहेको दोस्रो अप्सन Photo and video छान्नुहोस्

आफ्ना सबै पोस्ट हेर्नका लागि उयकत अप्सनमा ट्याप गर्नुहोस्

कुनै निश्चित खालका पोस्टहरु मात्र छान्नका लागि Sort and Filter को प्रयोग गर्नुहोस्

त्यसपछि माथि दायाँ छेउमा रहेको Select मा ट्याप गर्नुहोस्

आफूले डिलिट गर्न चाहेको वा आर्काइभ गर्न चाहेको पोस्टहरू छान्नुहोस्

त्यसरी छानिसकेपछि archive वा Delete मा ट्याप गर्नुहोस् ।

सम्भार अनलाईन खबर

## हाम्रो प्रतिबद्धता

समाजमा कसैले अन्याय, अत्याचार गरेको यदि तपाईले देख्नु भएको छ भने चुप लागेर नबस्नुहोस् । समाजमा भई रहेको अन्याय, अत्याचार, भ्रष्टाचार, अनियमितता, तस्कारी, कालोबजारी वा गैर कानूनी कार्यको यदि समयमे रोकथामको उपाय अबलम्बन गरिएन भने त्यस्तो कुकर्मका कारण घर, समाज, गाउँ देखि राष्ट्र सम्म नकारात्मक प्रभाव पर्न सक्छ। त्यसैले त्यस्ता कुकर्मीहरुको विरुद्ध तपाई सूचना मात्र दिनुहोस्, हामी कलम मार्फत तपाईलाई सहयोगीको भूमिका निर्वाह गर्न तत्पर छौं ।

आफ्नो गाउँ ठाउँ कसैले तपाई माथि अन्याय, अत्याचार गरेको लागेमा आफुलाई निमुखा नसम्झि हामीलाई तुरुन्त जानकारी होस ।

मधेश न्यूज राष्ट्रिय दैनिक

# माता, मातातीर्थ र मातृभूमि

विश्वनाथ खरेल,

ममताकी खानी महामहिम आमाप्रतिको स्नेहसम्बधी जानकारीलाई प्रस्तुत गर्ने जमर्को गरिएको छ । हाम्रो जस्तो धर्म र संस्कृतिको बाहुल्यता रहेको राष्ट्रमा हरेक तिथि, चाडपर्वको आफ्नै प्रकारको मौलिक विशेषता देखिन्छ । यसरी हेर्दा हरेक तिथिले एउटा न एउटा महत्व बोकेको पाइन्छ । जुनसुकै समाज, राष्ट्रका लागि जातीय र राष्ट्रिय स्वाभिमानका लागि प्राचीन इतिहास, परम्परा, धर्म र संस्कृति चाहिन्छ । यो बिना समाज र मुलुकको कुनै औचित्य रहँदैन । यसरी हिन्दू धर्म र संस्कृतिनुसार वैशाख कृष्ण औंसी तिथिलाई मातातीर्थ औंसी वा आमाको मुख हेर्ने दिनका रूपमा मनाइन्छ ।

मूलतः शास्त्रमा बुबाभन्दा आमा १० गुणा बढी मान्य हुन्छिन् भनी व्याख्या गरिएको छ । 'मातृदेवो भवः' भनेर सबैभन्दा पहिले भनिन्छ । त्यसपछि मात्र 'पितृदेवो भवः, आचार्यदेवो भव' भनिन्छ । यसैबाट शास्त्रले आमालाई महत्व दिएको स्पष्ट हुन्छ । त्यसैगरी, हाम्रो धर्म दर्शनले आमाबुबालाई साथै गुरुलाई पनि स्वयं तीर्थकै प्रतिरूप मानेको छ । यसमध्ये आमालाई गंगा नामक तीर्थ भनेको छ भने बुबालाई पुष्कर तीर्थ र गुरुलाई केदार तीर्थ मानेको छ । त्यसकारणले गर्दा मातातीर्थ औंसी भनेको हरेका व्यक्तिको एक महत्वपूर्ण पर्व हो ।

मातातीर्थ पर्वको प्रथा कुन बेलादेखि चलेको हो भन्ने विषयमा एउटा किंवदन्ती पनि छ । धेरै वर्षअघि थानकोटनजिकै एउटा चउर थियो । त्यहाँ दिनदिनै एक बथान गोठालाले आफ्ना गाईबस्तु चराउने गर्थे । एक दिन अचानक एक जना गोठालाले झ्याँकेको रोटीका टुक्राहरू बिलाएर गयो, त्यसले धेरैपटक रोटीका टुक्राहरू झ्याँक्दा पनि प्रत्येकपटक बिलाएर गएकाले त्यस कार्यको अनुसरण गरी अरू गोठालाहरूले पनि रोटीका टुक्रा झ्याँक्न थाले । यसरी रोटीका टुक्रा फाल्दा आफ्नी आमाको मृत्यु भइसकेका गोठालाहरूले झ्याँकेका रोटीका टुक्राहरू बिलाए भने आफ्नी आमा जीवित रहेका गोठालाहरूले झ्याँकेका रोटीका टुक्राहरू बिलाएनन् । त्यही एक दिन मात्र भएको र भोलिपल्टदेखि नदेखिएको प्रकारको घटना वैशाख कृष्णपक्ष औंसीको दिन भएको थियो ।

हामीमध्ये झुक्किएर पनि आफ्ना बुबाआमालाई वृद्धाश्रममा राख्ने कोसिस नगरौं त्यसकारण त्यस दिनदेखि सो स्थानको महत्व बुझी त्यस ठाउँमा वैशाख कृष्णपक्ष औंसीका दिन मृत आमाहरू आएर आ-आफ्ना छोराछोरीहरूको हातबाट प्रदान गरिएका खाद्यवस्तुहरू ग्रहण गर्ने ठाउँ रहेछ भनी विचार गर्न थालियो । अनि त्यसै स्थानमा मानिसहरूले एउटा कुण्ड बनाई मातातीर्थ नामकरण गरेर बर्सेनि मातृ दिवस मनाउन थाले । सो कुण्डमा आफ्नै दिवंगत आमाको छाया पनि देख्न सकिन्छ भन्ने जनविश्वास पनि रहेकाले सो कुण्डमा प्रत्येक वर्ष आजकै दिन घुइँचो लाग्छ । आमाको मुख हेर्ने दिनका रूपमा परिचित यस दिनमा आमा हुने छोराछोरीले आमालाई स्वादिष्ट व्यञ्जन, कपडा, सगुन उपहार दिई दर्शन गर्छन् भने आमा नहुनेले तर्पण, सिदा दिई श्राद्ध गर्छन् ।

आमाले हामीलाई यस धर्तीमा ल्याइन्, हुर्काइन्, पढाइन्, लेखाइन् र योग्य नागरिक बनाइनन्, उनीभन्दा ठूलो तीर्थ हाम्रा लागि अरू केही हुन पनि

बाँकी तिन पृष्ठमा...



फोनं. ०३१-५२०४७७
मो. ९८२४७४५११३

न्यू देवचुली अफसेट प्रेस
राजदेवी रोड, राजविराज-३

सस्तो दरमा आकर्षक छपाई तथा पूर्ण कम्प्युटराइज प्रविधिबाट पोस्टर, पम्पलेट, लेटर प्याड, किताब, विवाह कार्ड, क्यालेण्डर तथा पत्रपत्रिकाको छपाईका लागि

**माता...**

सक्दैन । सन्तानले जति नै दुःख दिए पनि उनी कहिल्यै पनि कुभलो चाहँदिनन्, हरबखत कुनै परवाह नराखीकन उनी हरहमेशा निःस्वार्थ भावले आफ्नो सन्तानको उद्धार मात्र चाहन्छिन्, भलाई चाहन्छिन् । आधुनिक युगमा मात्र होइन प्राचीन युगमा पनि आफ्नी आमासरह मातृभूमिलाई पनि पवित्र मानिएको छ । जस्तै- संस्कृत भाषाको एक उक्ति छ -'जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी' अर्थात् आमा र जन्मभूमि भनेको स्वर्गभन्दा पनि ठूला हुन् । त्यसैले, हामी आफ्नी आमालाई जस्तै आदर र सम्मान गर्छौं, त्यस्तै आफ्नो मातृभूमिलाई पनि आदर सम्मान र माया गर्नुपर्छ र मातृभूमिको हित हुने कार्यमा लाग्नुपर्छ । हाम्रो शास्त्रमा के उल्लेख छ भने आमालाई राम्ररी खुसी पार्नेको दरसन्तानको समेत कल्याण हुने उल्लेख गरिएको पाइन्छ । त्यसैगरी, आमा मरिसकेका छोराछोरीले चाहिँ आमाको सम्झनामा विभिन्न धार्मिक अनुष्ठानहरू गर्ने चलन छ । यस दिन आमा स्वर्गारोहण भइसकेका छोराछोरीहरू आफ्नो जन्म दिने आमाको सम्झना गर्दै विभिन्न किसिमका पवित्र तीर्थमा स्नान गरी श्राद्धसमेत गर्ने गर्छन् । आमा नहुने छोराछोरीले नुहाएर पवित्र भई सीधा दान गर्छन् । साथै, स्वर्गीय आमाको आत्माले शान्ति पाओस् भनेर देवीदेवताको मन्दिरमा गई आमाको सम्झनामा धूपदीप बाली पूजाआजा गर्ने चलन छ ।

आमाकै विशेष स्नेह र लालन-पालनमा हामी हुर्किएका हुन्छौं । त्यसैले, यस दिनलाई बडो धूमधामसँग आमाको सम्झना र मंगलमय कामना गर्दै मनाइन्छ । आमा जननी हुन् । आमाको त्याग, तपस्या तथा मायाको उदाहरण पृथ्वीमा अर्को पाइत्र । हामीलाई सास फेर्न सम्भव बनाउने व्यक्ति आमा करुणाकी मूर्ति हुन् । आमाको करुणाभावले नै सन्तानको जीवन उद्धार भएको हुन्छ । सन्तानको भावनात्मक शक्ति तथा आत्मबल बलियो र स्थिर बनाइराख्ने शक्ति आमामा हुन्छ । आमाले आफ्ना सन्तान हुर्किसक्दा पनि उनीहरूका हरकुरामा चासो र ख्याल राखेकी हुन्छिन् । कति सार्थक छ- आमाको जुनी !

आमाको करुणाभावले सन्तानको जीवनोद्धार भई आत्मबल प्राप्त हुँदा जीवन स्थिर हुन्छ यसर्थ, सृष्टिकर्ता नारीले शिशु जन्माएको अवसर दुनियाँमा सबैभन्दा ठूलो हो । तर, के हामीले आफ्नी आमालाई उहाँले हामीलाई जन्म दिँदाको समयमा के-कस्तो अनुभव गर्नुभयो ? भन्ने सामान्य कुरा कहिल्यै सोधेका छौं ? सन्तान जन्म दिँदा भोगेका सुख-दुःखका अनुभवले महिलाको मनमा दूरगामी असर पारेको हुन्छ । धेरै आमाले पहिलो बच्चा जन्माएपछि अब अर्को बच्चा पाउन नपरोस् भन्ने दुःखपूर्ण अभिव्यक्ति दिएका छैनन् । आमा हुनेहरू वा नहुनेहरूले पनि यस पर्वलाई परम्परागत रूपमा आफ्नो संस्कृतिको एक प्रमुख अंगका रूपमा मनाउने प्रचलन चलिआएको छ । त्यसैले, यस पर्वसँग धार्मिक आस्था मात्र गाँसिएको नभई भावनात्मक सम्बन्ध पनि गाँसिएको हुन्छ । यही प्रेम, आस्था र श्रद्धालाई प्रत्येक व्यक्तिले आफ्नी आमाप्रति दर्शाइनुपर्ने भाव भक्तिका रूपमा आजको यस दिनलाई मनाउनुको प्रमुख सामाजिक विशेषता नै हो ।

अन्त्यमा भन्नुपर्दा हाम्रो समाजले माता, पिता र गुरुलाई सम्मान गर्नकै लागि भए पनि हरेक वर्षमा एक दिन पर्वकै रूपमा यी दिनलाई अघि सारेर सोको गरिमा झन बढाएको पाइन्छ । मातृऔंसी, कुशेऔंसी र गुरुपूर्णिमा, यसको मतलव यो होइन कि वर्षाको एक दिन उनीहरूप्रति श्रद्धा र सम्मान प्रकट गर्ने अनि बाँकी दिनहरूमा कुनै वास्ता नगर्ने होइन । यसर्थ, मानव जातिको अस्तित्व जोगाउन र प्रकृतिलाई चलायमान बनाउन पनि आमाकै भूमिका अहम् रहिआएको छ । त्यसकारण स्वदेश या विदेश जहाँ रहे तापनि जति टाढा नजिक हुन नसके पनि आमाप्रति माया र सम्मान सायदै मानिसको जीवनमा असीमित र अतुलनीय हुन्छ । तसर्थ, आमा शब्द नै सन्तानका लागि अति प्रिय छ । आमाप्रतिको आस्थालाई हामीले जगाइराखौं । फलतः हामीमध्ये कसैले पनि झुक्किएर पनि वृद्धाश्रममा आफ्ना बुबा आमालाई राख्ने कोसिस नगरौं । त्यस्तैगरी, वर्षको एक दिन अर्थात् सामाजिक सञ्जालमा आजकै दिन आमाको फोटो राखेर सम्झिनुभन्दा आफ्ना सफलताका प्रत्येक पलमा आमाको ममतामयी स्पर्श, स्नेह, त्याग, संघर्ष आदिको स्मृति गरौं । यो नै आमाप्रतिको सन्तानको सच्चा सम्मान हुनेछ ।

# आकाशको पानी चुरेमा पुनर्भरण

डा. विजयकुमार सिंह दनुवार,

देशभित्रै पानी अभावको समाधान गर्न भएका असल सिकाइ छन्।

सिरहाको करजन्हा नगरपालिकाको बन्दीपुरमा रहेको बाबाताल, सप्तरीको शम्भुनाथ नगरपालिका-२ मा रहेका १५ पोखरी, दाङको घोराही नगरमा खनेका नयाँ-पुराना २२ पोखरी छन्। यस्तै, धनुषाको मिथिला नगरको चुरे क्षेत्रमा औरही खोलामा बनाएका ६ ठूला पोखरी र महोत्तरीको बर्दिबास नगरपालिकाको चुरे क्षेत्रमा निर्माण गरिएका पोखरी पनि छन्। जुन जमिनमुनिको पानी पुनर्भरण गरेको स्थानीय बासिन्दा तथा स्थानीय सरकारका प्रतिनिधिहरूले भन्ने गरेका छन्। यी सबै जलाशय जलवायु अनुकूलनका प्रभावकारी उपाय हुन्।

दाङको घोराही नगरको चुरे क्षेत्रमा खनेका नयाँ २२ पोखरी तथा पुराना पोखरीहरूको मर्मत सुधारले ३३ बिघामा फैलिएको छ। यी पोखरी चेपे, बलरामपु, दुन्द्रा, थाँटी, जनखोली, ज्यामिरे, गंगटे, कटहरी, आरोग्य, ढिकपुर, डाबरी, गुलरिया, बेलहरी र गिठेपानीमा निर्माण भएका हुन्। यी पोखरीमा २२ लाख घनमिटर पानी जम्मा भएर सिँचाइ, माछापालन र बोटिङको सुविधा उपलब्ध भएको छ। यसबाट तीन बाली उत्पादन, माछाको उत्पादनमा वृद्धि र चेपे र ज्यमिरेको पोखरीमा बोटिङबाट पर्यापर्यटन बढेको छ। यसबाट जमिनमुनिको पानी पुनर्भरण भएर पानीको मुहानहरूमा पानीको स्रोत बढेको छ।

धनुषाको मिथिला नगरस्थित चुरे क्षेत्रमा औरही खोलाको किनारमा बनाएका ६ पोखरीले वर्षा महिनामा औरही खोलाको अधिकतम पानी यिनै पोखरीमा जम्मा भएर जमिनमुनिको पानी पुनर्भरण गर्छ। यसबाट तल्लो तटीय क्षेत्रमा बाढीको प्रकोप न्यूनीकरणमा मद्दत पुगेको छ।

महोत्तरीको बर्दिबास नगरस्थित चुरे क्षेत्रको रातु नदीको जलाधार क्षेत्रमा साना-ठूला गरी १ सय ८१ निर्माण गरिएका छन्। यी पोखरीहरूमा ५२ करोड घनमिटर पानी भएर जम्मा भएर सिँचाइ र माछापालन सुविधा उपलब्ध छ। यी पोखरी महोत्तरीको बर्दिबास नगरपालिका-३ र धनुषाको मिथिला नगरपालिका-११ मा निर्माण भएका हुन्। यसबाट तीन बाली उत्पादन र माछाको उत्पादनमा वृद्धि भएको छ। विगतमा यी क्षेत्रमा वर्षाको भरमा एक बाली मात्र हुने गर्दथ्यो। यसबाट तल्लो तटीय क्षेत्रमा बाढीको प्रकोप न्यूनीकरणमा मद्दत पुगेको छ।

सिरहाको करजन्हानगरस्थित चुरे क्षेत्रको बाबा तालले सिँचाइ सुविधा, तल्लो तटीय क्षेत्रमा जमिनमुनिको पानी पुनर्भरण गर्न सहयोग पुगेको यस पालिकाका मेयर भोलाप्रसाद पोखरेल र उपमेयर लक्ष्मीकुमारी यादव बताउँछन्। वडा नं २ स्थित बाबा तालको रमणीय हेर्न, पिकनिक, वनभोज खान तथा डुंगा चढ्न त्यस क्षेत्रको पर्यापर्यटनको आकर्षणको केन्द्र बनेको छ। सप्तरीको शम्भुनाथ नगरपालिका-२ स्थित चुरेफेदीमा निर्माण गरिएका १५ पोखरीले तीन बाली उत्पादन र माछाको उत्पादनमा वृद्धि भएको छ। यी पोखरीहरू राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समिति, सिँचाइ कार्यालय र भू-संरक्षण कार्यालयको सहयोगमा निर्माण भएका हुन्। यी पोखरीहरू हुनुभन्दा पहिले सुक्खा महिनामा जमिनमुनिको पानी मोटर लगाएर तान्दा पानी छिट्टै सुक्ने गर्थ्यो। तर, पोखरी खनिसकेपछि सुक्खा महिनामा जमिनमुनिको पानी मोटर लगाएर तान्दा पानी कहिले नसुक्ने वडाध्यक्ष दुर्गानन्द भगत बताउँछन्। यी पोखरीहरूले जमिनमुनिको पानी पुनर्भरण गर्ने गरेको छ।

चीनको राजधानी बेइजिङको जनसंख्या सन् २०२४ मा करिब २ करोड २२ लाख र भारतको राजस्थान राज्यको राजधानी जयपुरको जनसंख्या सन् २०२४ मा करिब ४३ लाखभन्दा बढी छ। बेइजिङमा वार्षिक ५७२ मिलिमिटर पानी पर्छ भने जयपुरमा वार्षिक ५३६ मिलिमिटर पानी पर्छ। यी दुवै सहरमा यति थोरै वर्षाको पानीलाई व्यवस्थापन गरेर पानी पुर्‍याइरहेका छन् भने त चुरे र तराईमा त वार्षिक १५ सयदेखि २४ सय मिलिमिटर पानी पर्छ। हाम्रो तराई र चुरेको जनसंख्या नेपालको कुल जनसंख्याको ६२ प्रतिशत छ। विगत दशकदेखि तराई र चुरे क्षेत्रका बासिन्दाले सुक्खा महिनामा पानीको हाहाकारको सामना गर्नु परेको छ। पानीको हाहाकारको विषयमा विज्ञहरू सामाजिक संघसंस्थाले पनि सामाजिक सञ्जाल, पत्रपत्रिका, लेखमार्फत आवाज उठाइरहेका छन्।

राजनीतिक दलहरूले पनि संसद्भित्र र संसद्बाहिर पानीको हाहाकारको विषयमा टड्कारो रूपमा आवाज उठाउने गरेका छन्। तराई मधेसमा एकातिर ४३ डिग्रीभन्दा माथिको प्रचण्ड गर्मी अर्कोतर्फ खानेपानीको हाहाकार। तराईका चापाकल, इनार, पानीका मूलहरू र पोखरीहरू सुक्न थालेका छन्। यो पानीको अभाव तराईका सबै जिल्लामा भए पनि मधेस प्रदेशमा सबैभन्दा बढी देखिएको छ। यसरी तराईका बासिन्दा दोहोरो मारमा परेका छन्। पानीको पीडा खप्न नसकेर सप्तरीको भारदहबाट २५ पैदल हिँडेर काठमाडौं आई खानेपानी र चुरे संरक्षणका लागि सुनील यादवको नेतृत्वमा २२ जना गरिब महिला-पुरुष काठमाडौंको मण्डलामा धर्ना दिइरहेका छन्।

चुरेको विनाश र नदीहरूको जथाभावी उत्खननले चुरे र तराईमा पानीको अभाव भएको उनीहरूको ठम्याइँ छ। पानी उनीहरूको मागमा नेपाल सरकारले कुनै सुनुवाइ गरेको छैन। यो देशको कस्तो विडम्बना हो। हाम्रो देशमा कोशी, कर्णाली, गण्डकीजस्ता हिमनदी र महाभारतबाट निस्केका वर्षौंभरि पानी बग्ने नदीहरू छन्। हामी डिजल र पेट्रोल भारतबाट पाइपमार्फत ल्याएर आफ्नो आवश्यकता पूरा गर्छौं तर भएका नदीको पानी खानेपानीका लागि वितरण गर्न सकेका छैनौं। चुरे क्षेत्रमा परेको वर्षाको पानीलाई जलाशयहरूमा संकलन गरेर पनि चुरे र तराईमा खानेपानी एवं सिँचाइका लागि वितरण गर्ने एक सशक्त विकल्प हो।

तराईका राष्ट्रिय निकुञ्जहरूले पनि पानीको मूल सुकेको, परम्परागत र नयाँ निर्माण भएका पानीपोखरीहरूमा पानी सुकेर वन्यजन्तुहरूका लागि पानीको अभाव भएको जनाएको छ। पानीको अभावले पहाडबाट पनि कतिपय परिवार र समुदायहरू विस्थापित भई अन्यत्र बसाइँसराइ गरेका छन्। संसारमै पानी एक यस्तो वस्तु हो जसको कुनै विकल्प छैन। पानी बनाउन पनि सकिँदैन। तसर्थ, चुरे र तराईमा पानीको संरक्षण र व्यवस्थापनका लागि तपसिलका कार्यहरू गर्न सकिन्छः

चुरेको संरक्षण र व्यवस्थापनका लागि चुरे संरक्षण ऐन र नियमावली बनाउने। यसै ऐनअन्तर्गत राष्ट्रपति चुरे तराई-मधेस संरक्षण विकास समिति, कर्मचारीहरूको भर्ना, आर्थिक व्यवस्थापन, गुरुयोजना, गिट्टी ढुंगा आदि नदीजन्य पदार्थको व्यवस्थापन राख्ने।

चुरे क्षेत्र तराई-मधेसका लागि पानीको जलाधार क्षेत्र रहेकाले चुरेको पारिस्थितिकीय प्रणाली नखल्बलिने गरी यसको संरक्षण र व्यवस्थापन गर्ने।

चुरे र तराईलाई एक भू-परिधि मानी चुरे र तराईको अन्तरसम्बन्धको आधारमा नदी प्रणालीहरूको योजना बनाई व्यवस्थापन गर्ने।

चुरे र भावर क्षेत्र जमिनमुनिको पानी वर्षाको पानी पुनर्भरण गर्ने भएकाले यस क्षेत्रमा धेरै संख्यामा साना-ठूला जलाशय निर्माण गरी वर्षाको पानी जम्मा गर्ने।


## जनहितमा जारी सूचना

❒ गर्मियाम तथा वर्षायाममा विभिन्न रोगहरु जस्तै झाडापखाला, हैजा, आउँ, रगतमासी, टाईफाइड आदि रोगहरु लाग्ने वा फैलिने संभावना रहेकोले सधैं स्वच्छ खाना र सफा पानी खाने बानी गरौं ।

❒ बासी तथा सडेगलेका खाध्य सामग्रीको प्रयोग नगरौं ।

❒ डेंगु तथा औलो रोगबाट बच्न सधैं झुलको प्रयोग गरि सत्ने बानी बसालौं ।

❒ वर्षायाममा घर वरिपरिका खाल्डा खुल्डीहरुमा पानी जम्न गई लामखुट्टेको बृद्धि हुने भएकोले लामखुट्टेको बृद्धि रोक्न विषादी वा मट्टितेल छर्किने गरौं ।

❒ गर्मी तथा वर्षायाममा गर्भवती, सुत्केरी तथा ५ वर्ष मुनिको बच्चाहरुको अवस्था जोखिममा हुने भएकोले गर्भवति सुत्केरी तथा ५ वर्ष मुनिको बच्चाहरुको स्वास्थ्यमा विशेष ध्यान पुऱ्याऔं ।

❒ बृद्ध-बृद्धा, आपाङ्ग तथा एकल महिलाको स्वास्थ्यमा विशेष ध्यान दिऔं ।

❒ कुपोषण घटाउनको लागि हरेकबार खाना चार ।

❒ गर्भवति महिलालाई अनिवार्य चार पटक गर्भ जाँच गराऔं र सुरक्षित सुत्केरी गराउन बर्थिङ्ग सेन्टरमा जाऔं ।

❒ खाना खानु अघि, दिसा पिसाब गरेपछि, खेतबारीमा काम गरेपछि साबुन पानीले हात मिचि-मिचि धुने बानी बसालौं ।

❒ रोग लाँग्ने अवस्था आउन नदिन सावधानी अपनाउँदा अपनाउँदै रोग लागी हालेमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा जाँच गराऔं ।

**बोदेबरसाईन नगरपालिका, सप्तरी**

## सांसदलाई...

दायित्व सबैको भएको बताएका छन् ।

संसदप्रति जनताको आस्था र विश्वासलाई उचाइमा पुऱ्याउन सबैको योगदान उत्तिकै महत्त्वपूर्ण रहेको उनको भनाइ छ ।

मुलुकको संसदीय इतिहास अन्य देशको तुलनामा नयाँ नभएको जनाउँदै सभामुखले नेपालको राजनीतिक व्यवस्थामा निरन्तर विभिन्न धक्का र उतारचढावका कारण संसदीय प्रणालीले अविच्छिन्न अभ्यास गर्ने, समृद्ध हुने र सुदृढ बन्ने मौका नै नपाएको सन्देशमा उल्लेख गरेका छन् । सम्भार खबरहब

## माओवादी...

शुभकामना दिन चाहन्छु ।' उनले माओवादीलाई अलिक नजिक भनेर नेकपा एसले दस्तावेजमा भनेको उल्लेख गरे । उनले नेकपा एसको दस्तावेजमा राजनीतिक शक्तिको मूल्यांकन गर्दा अस्थिर भएको भन्ने वाक्यांशबारे दाहालले चित्त दुखाए । 'नेपाल संविधान सभामा गयो, गणतन्त्रमा गयो समृद्धिमा गयो । प्रचण्ड अस्थिर नभएको भए यस्तो हुने थिएन । प्रचण्ड अस्थिर नभएको भए जनयुद्ध पनि हुँदैनथ्यो । शान्ति सम्झौता पनि हुने थिएन,' प्रधानमन्त्री दाहालले भने, 'गतिशीलता भनेको के हो ? किलो जस्तो एक ठाउँमा बसिराख्नु मार्क्सवाद हो कि ? पानीको पोखरी जस्तो मार्क्सवाद हो ? कि गडगडाउँदो नदीजस्तो मार्क्सवाद हो ? तपाईहरुले यो कुरा विचार गर्नुपर्छ । मार्क्सवाद एउटा किलो जस्तो होइन । ठोस परिस्थितिको ठोस विश्लेषण गरेर निष्कर्ष निकाल्नु मार्क्सवाद हो ।' उनले मञ्चमा रहेका नेकपाका महासचिव नेत्रविक्रम चन्दलाई देखाउँदै माओवादीहरू एक ठाउँमा नबस्ने बताए । 'माओवादीका साथीहरू हामी एक ठाउँमा बस्ने भन्ने हुँदैन । हामी दौडिरहन्छौं । तर यो सही थियो वा गलत थियो भन्ने मूल्यांकन कसरी गर्ने ? देश सामान्ती व्यवस्थाबाट गणतन्त्रमा गयो भने त्यो गतिशिलता हो अस्थिरता होइन । यदि युद्धबाट देश शान्तिमा आयो भने त्यो अस्थिरता होइन । संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्र आयो भने त्यो गतिशिलता हो, अस्थिरता होइन । जे गतिशील हो, जे द्वन्द्वात्मक भौतिकवाद हो त्यसलाई अस्थिरताको आरोप लगाउनुभयो भने तपाईहरु जडतामा फस्ने खतरा हुन्छ कि भन्ने चिन्ता व्यक्त गर्न चाहन्छु,' प्रधानमन्त्री दाहालले भने, 'जसलाई सम्मान गर्नुपर्ने हो त्यसलाई अपमान गरियो भने त राम्रो कुरा हुँदैन नि

सम्भार ईकान्तिपुर

## संसोधनको...

असार १३ गते संशोधन हाल्नु भएको थियो। दर्ता नम्बर ८ मा यो दर्ता भएको छ। आजको कार्यूची पनि हेरैं। विधेयकमा प्राप्त संशोधनहरू पनि हेरैं। माननीय सांसदहरूको संशोधन छैन। बैठक अहिलेलाई स्थगित गरेर संशोधन छ कि छैन हेरौं। छैन भने किन छैन । त्यो पनि हेरौं,'उनले भने,' संशोधनहरूलाई समावेश गरेर मात्रै बैठक चलाउनुपर्यो।' त्यसपछि सभामुख देवराज घिमिरेले आर्थिक विधेयकमा संशोधन नपरेको सुचना प्राप्त भएको जानकारी दिए। उनले भने,'मैले बुझ्दाखेरी उहाँहरूको संशोधन लगानी सहजीकरण सम्बन्धी विधेयकका लागि आएको भन्ने खबर आएको छ। यसमा दर्ता भएको कुरा आएन। केही मिस्टेक भएको हो वा होइन भन्न गाह्रो छ। यो आर्थिक विधेयकलाई अगाडि बढाउन छलफलमा सहभागी हुन अनुरोध गर्दछु।' त्यसपछि नेता लेखक सिटबाट फेरि उठेर काँग्रेसलाई आर्थिक विधेयक र लगानी सहजीकरण विधेयकबीचको फरक थाहा नहोला र ? सभामुख भन्दै प्रति प्रश्न गरे। 'सभामुखको रुलिङ त अन्तिम नै हुन्छ। हामीले मान्ने विषय नै हो। नेपाली कांग्रेसलाई आर्थिक विधेयक र लगानी सहजीकरण विधेयकबीचको फरक थाहा नहोला र सभामुख महोदय। मैले निवेदन गर्न खोजेको आर्थिक विधेयकमा हो। लगानी सहजीकरण विषय त आजको कार्यसूची नै छैन। यसमा संशोधन छँदैछ। आजको संशोधन भनेको २०८१ हो। हाम्रो पार्टीको तर्फबाट चारजना माननीय सांसदहरुले संशोधन भयो। त्यो संशोधन नेपाली काँग्रेसको संसदीय दलको कार्यालयको कर्मचारीले गएर सम्बन्धित शाखामा पुऱ्याउनु भयो। दर्ता नम्बर ८ मा दर्ता गरेर मलाई कागज दिनु भयो। यसमा काँग्रेसले यसै भन्नुपर्ने कारण छैन। यसमा के गर्ने हो। ध्यानाकर्षण गराएको हो। यो गम्भी प्रकृतिको त्रुटि भयो।' लगत्तै नेकपा एमालेका सांसद रघुजी पन्तले कांग्रेसले संशोधन दर्ता गराएको हो कि होइन यसबारे निश्चित गरेर मात्रै हाउस अगाडि बढाउन सभामुखसँग आग्रह गरे। त्यसपछि सभामुखले आर्थिक विधेयक संशोधन राखेको भए आफ्नो संशोधन पेश गरेर छलफल सहभागी हुन काग्रेस सांसदलाई आग्रह गरे। डा. प्रकाशशरण महतले आर्थिक विधेयकमाथि संशोधन प्रस्ताव पेश गरेर छलफलमा भाग लिएर बोलिरहेका छन्।

सम्भार अन्नपूर्णपोष्ट

## हरेक...

कसरी? यो नीतिमा पनि देखा पर्छ। काम र व्यवहारमा देखापर्छ। दोस्रो समस्या भनेको सामग्रिक बृहत चिन्तनको कमी। हामी तत्काल अहिले आफ्नो स्वार्थको निम्ति कुन चिज हो परियोजना, त्यो बनाउँछौँ, अर्बौं खर्च गरिदिन्छौँ। अर्बौं कहाँ खर्च गर्ने? उत्पादनको विकास गर्नका लागि रोजगारी प्रवर्द्धन गर्नका लागि, देशको आय बढाउनका लागि, सिंगो अर्थतन्त्रलाई उँभो उठाउनका लागि राष्ट्रिय पुँजीको विकास गर्नका लागि, उद्यमशीलताको विकास गर्नका लागि, चाहे कृषि होस्, जलविद्युत, पर्यटन, उद्योग धन्दा यी सबैका लागि पूर्वाधारको विकास होस्। पूर्वाधारको लागि शिक्षा, स्वास्थ्यको विकास होस्। विज्ञान, प्रविधि, अध्ययन र अनुसन्धानका पक्षमा के गर्नुपर्छ, त्यसमा गम्भीर चिन्तन र छलफल गर्नुपर्ने आवश्यकता छ। यसका लागि नेपालका कम्युनिष्ट पार्टीहरूमा एकता र सहमति आवश्यक छ।' सम्भार देशसंचार

## लोकतन्त्र....

नरेको बताएका हुन् । उनले भने,'लोकतन्त्र हामीले चिन्ता गर्ने विषय भयो, चिन्ता गर्नुपर्दैन । लोकतन्त्रलाई खतरा छ भने हामीबाट मात्रै छ । जनताबाट छैन् । पटक्कै छैन् खतरा परिहाले जनताले नै जोगाउँछन् । एउटा परिस्थिति आयो त्यसले तपाईंहरुको पार्टीलाई जन्मायो । यहाँहरुलाई लाग्यो कि लोकतन्त्रमा खतरा छ ।' नेताहरूले साँच्चै चिन्ता गर्ने हो भने नेतृत्व वर्गले एक ठाउँमा उभिएर कसरी ठूला ठूला विकासको काम गर्न सकिन्छ त्यतातिर ध्यान दिन आवश्यक रहेको बताए ।सम्भार केन्द्रविन्दु


सुर्ती जन्य पदार्थको सेवन नगरौं, स्वस्थ्य जिवन बाचौं

# जनहितमा जारी सूचना

➢सुर्तीजन्य पदार्थको सेवनले भ्रुण विकासमा पुरुषको शुक्राणु तथा कोशिकाको संख्यालाई नोक्सान पुऱ्याउँछ ।

➢कुल मृत्युको करिब २० प्रतिशत सुर्तीजन्य पदार्थका कारण हुने गर्दछ ।

➢यसले मुटु, दम, श्वासप्रश्वास, फोक्सोको क्यान्सर जस्ता दीर्घकालिन रोग लाग्न सक्छ

➢आफ्, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं

➢यसले तपाई र तपाईको परिवारलाई असर पुऱ्याउँछ । त्यसैले,

सुर्ती जन्यको प्रयोग नगरौं, स्वस्थ्य जिवन बाचौं

स्वास्थ्य कार्यालय राजविराज,
सप्तरी

# शिवम् डेरी उद्योग

शुभ विवाह, ब्रतबन्ध र अन्य भोजभतेरको लागि चाहिने दूध, दही, ध्यू, पनिर, आईसक्रिम, खुवा र मख्खनका लागि हामीलाई सम्झनुहोस् ।

रुपनी बस स्टेण्ड देखि पश्चिम
राजविराज–८,
सप्तरी,नेपाल

प्रो.
सुदामा प्रसाद सिंह
सम्पर्क नं. ०३१५२३७९३

भर्ना खुल्यो ! गुणस्तरीय शिक्षा हाम्रो प्रतिबद्धता भर्ना खुल्यो !

# वर्ल्ड भिजन

मोडर्न मा.वि. तथा क्याम्पस, राजविराज

Nursery देखि Bachelor (B.Ed, B.B.S.) सम्म

कक्षा ११ को लागि
Science,
Commerce,
Education,
Humanities,
Science Education &
Computer Science

नोटः Nursery देखि कक्षा १० सम्म होस्टलको समेत व्यवस्था छ ।

*Email : wovmsrajbiraj@gmail.com, Facebook Page: world vision mordern secondary school & college Rajbiraj*

फोन नं. ०३१–५२३४८६, ५२१६७३ मो.नं. ९८४२९५५०४२, ९८०४७०८०७३, ९८४२८२१९०५, ९८०७७६५७५


प्रमुख सम्वाददाता : अजित झा (सुनसरी), राम नारायण पण्डित (मिर्चैया), भोगेन्द्र यादव (मोरङ), भूपदेव माली ९८१६७६६२४१ , ९८४२९९९९८२(भारदह), देबेन्द्र यादव (बर्साइन), शिव कुमार साह (लहान), समानन्द चौधरी (कंचनपुर)